नेपाल सरकार

# राष्ट्रिय परीक्षा बोर्ड

सानोठिमी, भक्तपुर

## उत्तरपुस्तिका पुनःपरीक्षण सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०७५/९/४)**

नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट मिति २०७५/९/३ मा निर्णय भई प्राप्त उत्तरपुस्तिका पुनः परीक्षण निर्देशिका, २०७५ को व्यवस्था बमोजिम कक्षा ११ को बार्षिक परीक्षाको नतिजामा चित्त नबुझी पुनर्योगका लागि निवेदन दिएका विद्यार्थीहरुले पूनर्योगको नतिजा प्रकाशन पश्चात उक्त नतिजामा चित्त नबुझेमा उत्तरपुस्तिका पूनःपरीक्षण गराउन सक्ने व्यवस्था गरिएको हुँदा २०७५/८/१२ गते प्रकाशित कक्षा ११ को पूनर्योगको नतिजामा चित्त नबुझेका विद्यार्थीहरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र तोकिएको शर्त पुरा गरी प्रति विषय रु.२,००० (दुई हजार) शुल्क सहित उत्तरपुस्तिका पूनः परीक्षणका लागि बोर्डका सम्बन्धित प्रदेश परीक्षा व्यवस्थापन कार्यालय वा शाखा कार्यालयहरुमा निवेदन दिन सक्ने गरी मिति २०७५/९/४ को बोर्ड बैठकबाट निर्णय भएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ । बोर्डका प्रदेश परीक्षा व्यवस्थापन कार्यालय र शाखा कार्यालयहरुले यसै सूचनालाई आधार मानि उक्त निर्देशिका बमोजिम निवेदन लिई परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरमा पठाउनुहुन सूचित गरिन्छ। उत्तरपुस्तिका पुनः परीक्षण निर्देशिका, २०७५ बोर्डको Website : www.neb.gov.np मा हेर्न सकिनेछ।

**परीक्षा नियन्त्रक**

नेपाल सरकार
# राष्ट्रिय परीक्षा बोर्ड
सानोठिमी, भक्तपुर, नेपाल

पत्र संख्या :- २०७५/०७६

च.नं. : अ.प्र.गोरख १०५

मिति : २०७५/९/४

श्री गोरखापत्र संस्थान

धर्मपथ, काठमाडौं

विषय : सूचना प्रकाशन गरिदिने सम्बन्धमा ।

उपर्युक्त विषयमा यसै साथ संलग्न सूचना थान १ मिति २०७५ पौष ५ गतेको गोरखापत्र दैनिकमा प्रकाशन गरिदिनुहुन अनुरोध छ ।

..............................

(भास्करदत्त पन्त)

उप निर्देशक

फोन : ६६३०८४८, ६६३१३९४, ६६३१५८७, ६६३१५८६, ६६३०७४७, ५६३९०७३ फ्याक्स: ६६३०५९८, ६६३०८४८
इमेल: info@neb.gov.np वेभ:www. neb.gov.np